## निर्णय नं. १

गत माघ २५ गतेको वैठकबाट भएका निर्णयको आजको बैठकमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

१. तहवृद्धि भएका कर्मचारीहरुलाइ नियुक्ति दिइ कामकाज लगाइएको
२. अनिवार्य अवकास पाएका महिला स्वास्थ्य स्वयम सेविकालाइ रकम उपलब्ध गराएको
३. राष्ट्रिय योजना आयोगको वेवसाइडमा समपुरक अनुदान र विशेष अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गरिएको
४. माइक्रोशकप मेशिन खरिद प्रकृयामा रहेको
५. शीर्षक परिवर्तीत कार्यक्रम कार्यान्वयनमा गएको
६. लेखा परिक्षकलाइ नियुक्ति दिइएको
७. जग्गा वर्गिकरण निर्णय कार्यान्वयनका लागि सम्बन्धित कार्यालयमा पठाइएको
८. उच्च अदालत विराटनगरमा लिखित जवाफ पेश गरिएको ।

## निर्णय नं.२

धनकुटा नगरपालिका-१ हिले (षडेश्वर मन्दिर)- भिरगाउ-मधुगंगा सडक निर्माण कार्यमा संलग्न Design and Supervision Consultant (DSC) ले सम्झौता रकमको अतिरिक्त ६१,१७,५२९।०३ को Variation order पेश गरेकोले २०८१/०९/११ मा सहमतिका लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना, आयोजना समन्वय कार्यालय ववरमहल काठमाडौमा पठाइएकोमा २०८१/११/१८ मा पेश भएको Variation Proposal बमोजिम Approval गरी सेवा अगाडी बढाउन लेखि आएकोले DSC बाट पेश भएको रु ६१,१७,५२९।०३ को Variation Order स्वीकृत गरी DSC को कुल सम्झौता रकम रु ३,००,०२,५७९।०३ कायम गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

चालु आ.व. को वडा स्तरीय स्वीकृत कार्यक्रम अनुसार तपसीलमा उल्लेखित वडाको वडा स्तरीय कार्यक्रमको शीर्षक परिवर्तन गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

<table>
<tr><td colspan="6">वडा नम्बर ४</td></tr>
<tr><td>सि.न.</td><td>व.शी.नं.</td><td>कार्यक्रमको नाम</td><td>स्वीकृत रकम</td><td>परिवर्तित शीर्षकको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>२२५२२</td><td>जनजाति विकास कार्यक्रम</td><td>५०,०००/-</td><td rowspan="2">दलित, जनजाति महिलाहरुका लागि ढाका बुनाइ तालिम</td><td rowspan="2">१,००,०००/-</td></tr>
<tr><td>२</td><td>२२५२२</td><td>दलित विकास कार्यक्रम</td><td>५०,०००/-</td></tr>
<tr><td colspan="6">वडा नम्बर १०</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">३११५१</td><td rowspan="3">पात्लेखोला डुम्रे सान्ने सल्लेरी सडक</td><td rowspan="3">८,००,००/-</td><td>१. डुम्रे सान्ने टोल विकास भवन निर्माण</td><td>२,००,०००/-</td></tr>
<tr><td>२. मन्धारा टोल सडक स्तरोन्नती</td><td>४,००,०००/-</td></tr>
<tr><td>३. वडा कार्यालय परिसर सोलिङ्ग तथा ढलान</td><td>२,००,०००/-</td></tr>
<tr><td colspan="6">वडा नम्बर ५</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">२२५२२</td><td rowspan="3">वालवालिकाहरुलाइ कार्यक्रम</td><td rowspan="3">७५०००</td><td>भिमनारायण कप फुटवल</td><td>२५०००/-</td></tr>
<tr><td>न्यु प्रतिभा युवा क्लव विधालय स्तरीय फुटवल प्रतियेगिता</td><td>२५०००/-</td></tr>
<tr><td>सर्वनाम नाटकीय कार्यक्रम</td><td>२५०००/-</td></tr>
</table>

## निर्णय नं. ४

चालु आ.व. को स्वीकृत कार्यक्रम वजेट शिर्षक नम्बर ३११५१ दायित्व बैरे दाहाल चौतारा सडक स्तरोन्नति मा रु ५,००,०००/- स्वीकृत भएको छ । उक्त योजनाको सम्झौता गत आ.व. मा भएको तर काम नभएकोले उक्त योजनाको नयाँ उपभोक्ता समिति गठन गरी नयाँ योजनाको रुपमा काम गराउने साथै व.शी.नं. ३११५१ पिपलडाँडा मेशीनरीवाल निर्माण धनपा ७ को सट्टा तमोरभ्याल्ली सहमती टोल सडक ढलान शीर्षक कायम गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

संयक्त राष्ट्र संघ विकास कार्यक्रम (UNDP) ले धनकुटा नगरपालिकाको शहरी उत्थानशीलता मार्ग चित्र तयार गरी उपलब्ध गराएको हुनाले उक्त शहरी उत्थानशीलता मार्ग चित्र स्वीकृत गरी कार्यान्वयन गर्न साझेदारीका लागि विकास साझेदार सँग अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

धनकुटा नगरपालिकाका लागि तपसीलमा उल्लेखित कार्यविधि तयार गर्न सैद्धान्तिक सहमती दिने निर्णय गरियो

तपसिल

१. पुरुष सञ्जाल गठन कार्यविधि
२. तालिम सञ्चालन कार्यविधि

## निर्णय नं. ७

धनकुटा नगरपालिकाको स्वैच्छिक स्थानीय समीक्षा (VLR) ले नगरपालिकाको दिगो विकास लक्ष्यमा भएको प्रगतिको मूल्याङ्कनलाई प्रतिबिम्बित गर्ने तथा नगरपालिकाको नीति, योजना र बजेटमा दिगो विकास लक्ष्यहरूलाई एकीकृत गर्न सहयोग पुर्याउने हुँदा चालु आर्थिक बर्ष २०८१/०८२ मा सम्पन्न गर्ने गरी दिगो विकास लक्ष्यको स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन तयार गर्ने कार्यका लागि तपसिल अनुसारका लक्ष्य निर्धारण गर्ने साथै कार्य सम्पादनका लागि निम्नानुसार गर्ने निर्णय गरियो ।

१. लक्ष्यहरु
- क. लक्ष्य १ (गरिबी निवारण)
- ख. लक्ष्य ३ (स्वस्थ जीवन)
- ग. लक्ष्य ४ (गुणस्तरीय शिक्षा)
- घ. लक्ष्य ५ (लैङ्गिक समानता)

२. समिति गठन

(क) निर्देशक समिति

संयोजक- श्री चिन्तन तामाङ, प्रमुख
सदस्य- श्री भीमादेवी खनाल, उप प्रमुख
सदस्य- श्री रोशेष श्रेष्ठ, वडा अध्यक्ष
सदस्य- श्री जम्सेर राई, वडा अध्यक्ष/प्रवक्ता
सदस्य सचिब- श्री दशरथ राई, प्रमुख प्रशासकीय अधिकृत

(ख) कार्यकारी समिति

संयोजक- श्री दशरथ राई, प्रमुख प्रशासकीय अधिकृत
सदस्य- श्री सीताराम गौतम, प्रशासन, योजना तथा अनुगमन अधिकृत
सदस्य- श्री नरबहादुर भुजेल, लेखा अधिकृत

सदस्य- श्री उपेन्द्र खनाल, वातावरण अधिकृत

सदस्य- श्री मिङ्गमा दोर्जी शेर्पा,  इञ्जिनियर

सदस्य- श्री राजु गुँरागाई, राजश्व प्रशासन अधिकृत

सदस्य- श्री भोजराज भण्डारी, जनस्वास्थ्य अधिकृत

सदस्य- श्री रमेश प्रसाद दाहाल, शिक्षा अधिकृत

सदस्य- श्री डम्बर रोगु, सामाजिक बिकास अधिकृत

सदस्य- श्री भक्तमान राई, कृषि बिकास अधिकृत

सदस्य- श्री चन्द्रकला पाण्डे, महिला बिकास निरीक्षक

सदस्य सचिब- श्री बिकास अधिकारी, आर्थिक बिकास अधिकृत

(ग). आवश्यक विज्ञ तथा परामर्श सेवा तथा बजेट

स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन तयार गर्ने कार्यका लागि आवश्यक पर्ने विज्ञ तथा परामर्श सेवा लिने प्रयोजन र ब्यवस्थापकीय कार्यका लागि आवश्यक पर्ने बजेट धनकुटा नगरपालिका तथा साझेदार निकायहरुबाट ब्यहोर्ने ।

(घ) सहकार्य तथा समन्वय

धनकुटा नगरपालिकाको दिगो विकास लक्ष्यको स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन तयार गर्ने कार्यका लागि शहरी बिकास मन्त्रालय, संयुक्त राष्ट्रसंघीय मानब बसोबास कार्यक्रम, नेपाल (UN Habitat-Nepal), UCLG ASPAC, ICLEI South Asia लगायत सरोकारवाला निकायहरु सँग सहकार्य तथा समन्वय गर्ने ।

## निर्णय नं. ८

धनकुटा नगरपालिका वडा नं. ३ को वडा कार्यालय भवन निर्माण स्थलमा रहेको पुरानो जिर्ण भवन भत्काउँदा निस्केको पुरानो जस्तापाता र काठ वडा नं. ३ निवासी अशक्त अपाङ्ग व्यक्ति यज्ञ बहादुर रानाको जग्गा भएको तर घर नभएकोले घर निर्माणमा प्रयोग गर्न सहयोग गरिदिन वडा कार्यालय वडा नं. ३ वाट लेखि आएकोले प्रयोग गरी घर निर्माण गर्न दिने निर्णय गरियो ।

## निर्णय नं. ९

धनकुटा नगरपालिकाका निम्न विधालयहरुले कक्षा थपका लागि अनुमती पाउन निवेदन दिनु भएको हुनाले तपसील वमोजिम कक्षा थप अनुमती दिने निर्णय गरीयो ।

निम्न

विश्रान्तीधाम सँस्कृत गुरुकुल धनकुटा नगरपालिका ९ कक्षा ९

विधासागर एकेडेमी धनकुटा धनकुटा नगरपालिका ७

ह्यापी किड्स मन्टेश्वरी विधालय धनकुटा नगरपालिका ७

## निर्णय नं. १०

धनकुटा नगरपालिकाले अत्मारामा पार्किङ्ग शुल्क संकलन गरेकोले निषेधाज्ञा, परमादेशको उच्च अदालत विराटनगरमा चन्द्रहाङ्ग लिङ्देन समेतले मुद्दा दर्ता गराएको र धनकुटा नगरकार्यपालिकाको कार्यालयले लिखित जवाफ समेत पेश गरिसकेको भएतापनी अगामी आ.व. देखि हाल पार्किङ्ग शुल्क संकलन गरेको स्थान (कोशी राजमार्ग) वाट पार्किङ्ग शुल्क संकलन गर्ने कार्य हटाई अन्यत्र सारिने भएको हुदा चन्द्रहाङ्ग लिङ्देन समेतलाइ उक्त मुद्दा फिर्ता लिइदिन अनुरोध गर्ने निर्णय गरियो ।